नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सडक विभाग

चाकुपाट, ललितपुर

# सरसफाई सेवा करारमा लिने सम्बन्धि सिलबन्दी दरभाउ पत्र आव्हान

सूचना प्रकाशित भएको मितिः २०७६।०१।१०

ठेक्का नं-ः.DORADMIN/Secutity/075/76/03

१. सडक विभागको लागि आवश्यक सरसफाई सेवा प्रदान गर्न नेपाल सरकारबाट स्वीकृती प्राप्त योग्य तथा ईछुक फर्म, संस्था वा कम्पनीहरुबाट रित पूर्वक सिलबन्दी दरभाउ पत्र प्रस्ताव आव्हान गरिएको छ ।

२. योग्य प्रस्तावदाताहरुले सिलबन्दी दरभाउ पत्र सम्बन्धी कागजात खरिद गर्नु पूर्व सिलबन्दी दरभाउ पत्र सम्बन्धी अन्य शर्त एवम थप जानकारीको लागि वा सिलबन्दी दरभाउ पत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, यस विभागको केन्द्रीय स्टोरबाट प्राप्त गर्न सकिनेछ ।

३. सिलबन्दी दरभाउ पत्र प्रस्ताव सम्बन्धी कागजात २०७६।०१।१० देखि कार्यालय खुलेको दिन कार्यालय समय भित्र नविकरण भएको इजाजत पत्र, कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व २०७४।०७५ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि एवं करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि, एवं सेवा शर्तमा तोकिएका अन्य कागजातका प्रतिलिपि आधिकारिक निकायबाट प्रमाणीत गराई र दरभाउ पत्र सम्बन्धी कागजातको दस्तुर सडक विभागको कार्यालय कोड ३३७०२३४०९ रहेको नेपाल बैंक लिमिटेड गावहल, ललितपुरको बैंक खाता नं. ००१०१०००००००१००१००१ मा रु. १०००।-*(अक्षरुपी एक हजार मात्र, फिर्ता नहुने गरी)* जम्मा गरेको सक्कलै भौचर पेश गरि दरभाउ पत्र खरिद गर्न सकिनेछ , दरभाउ पत्र सम्बन्धी कागजात २०७६।०१।२४ गते कार्यालय समय सम्म यस विभागको केन्द्रीय स्टोरबाट उपलब्ध हुनेछ ।

४. खरीद भएको सिलबन्दी दरभाउ पत्र २०७६।०१।२५ गते मध्यान्न १२:०० बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण, प्रस्तावदाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरि यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । सिलबन्दी दरभाउ पत्र फारममा दरभाउ पत्र दाताले रीतपूर्वक सहिछाप गरेको हुनुपर्नेछ । अन्यथा स्वीकृत गरिने छैन ।

५. सिलबन्दी दरभाउ पत्रको मान्य अवधि प्रस्ताव खोलिने दिनबाट ४५ दिनको हुनेछ र सिलबन्दी दरभाउ पत्र साथ कम्तीमा रु. २७,५००।-(अक्षरुपी सत्ताईस हजार पाँच साय मात्र) बराबमरको जमानत बापत नगद रकम को.ले.नि.का., ललितपुरको धरौटी खाता नं. १८०-५१-०१६८५६ (सडक विभागको कार्यालय कोड २८-३३७-१२) मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबर सिलबन्दी दरभाउ पत्र खोलिने मितिबाट कम्तिमा ७५ दिन म्याद भएको नेपालको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारि भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्ने छ ।

६. दर्ता भएका सिलबन्दी दरभाउ पत्र २०७६।०१।२५ गते दिउसो २:०० बजे सिलबन्दी प्रस्ताव दर्ता वा निजका प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ ।

७. सिलबन्दी दरभाउ पत्र प्रस्ताव खरीद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

८. सिलबन्दी दरभाउ पत्र पुरै वा आंशिक, स्वीकार्ने वा बदर गर्ने सम्पूर्ण अधिकार सडक विभागमा निहित रहनेछ ।

९. एक फर्मको नाममा खरीद गरिएको सिलबन्दी प्रस्ताव फारम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।